**Prithvi Wangmaya**
[A Peer-Reviewed & NepJOL Indexed Journal]
Vol. 15, 2025 [Print ISSN: 2565-490X]
Email: rmc.nepali@pncampus.edu.np
URL: https://ejournals.pncampus.edu.np/ejournals/pw/

Department of Nepali
Tribhuvan University
Prithvi Narayan Campus
Pokhara, Nepal

# हरिहर खनालको आकाश छुने डाँडोमुनि कथासङ्ग्रहमा द्वन्द्व

# [Dichotomy in Harihar Khanal's *Beneath the Sky Touching Mountain*]

**निर्मल सापकोटा [Nirmal Sapkota]**
नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा
[Department of Nepali, Prithvi Narayan Campus, Pokhara]

**Article History:**
Receved 05 July 2025, Reviewed 29 July 2025, Accepted 08 September 2025
**Corresponding Author:**
Nirmal Sapkota; Email: sapkotanirmal8047@gmail.com
DOI : https://doi.org/10.3126/pw.v15i1.85731

## सार [Abstract]

प्रस्तुत लेख हरिहर खनालको *आकाश छुने डाँडोमुनि* कथासङ्ग्रहका कथामा द्वन्द्वको अध्ययन विश्लेषणमा केन्द्रित रहेको छ । वस्तुगत संसारमा रहेको आपसी अन्तर्विरोधको यथार्थ अवस्थालाई साहित्यमा कलात्मक ढङ्गले रूपान्तरण गरेर प्रस्तुत गर्ने कार्यलाई द्वन्द्व भनिन्छ । प्रस्तुत लेखमा उल्लिखित कथासङ्ग्रहभित्रका कथालाई आर्थिक, सामाजिक र राजनीतिक विभेदका कारण सिर्जित हुन पुगेका द्वन्द्वका आधारमा विश्लेषण गरिएको छ । यस सङ्ग्रहका कथामा शासकले शासितमाथि गरेका अन्याय, अत्याचार तथा विभेदले द्वन्द्व निम्त्याएका हुँदा राजनीतिक द्वन्द्वको सर्जना भएको छ । समाजमा हुने द्वन्द्वका अनेक कारणहरूमध्ये सम्पत्तिमा व्यक्तिको स्वामित्व र वर्गभेदका कारण मानिसमा शोषक र शोषितको अवस्था सिर्जना हुन्छ र त्यसैका विरुद्ध हुने विद्रोहले द्वन्द्वको परिस्थितिलाई निम्त्याउँछ । यसरी उच्च वर्ग र निम्न वर्गबिच उत्पन्न हुने द्वन्द्वलाई आर्थिक द्वन्द्वअन्तर्गत राखिएको छ । यसै गरी समाजमा वर्ग, लिङ्ग, जात, धर्म, संस्कृति जस्ता विभेदका कारण एउटा समूहका मानिसको अर्को समूहका मानिसबिच हुने द्वन्द्वलाई सामाजिक द्वन्द्व भनिन्छ । खनालका प्रस्तुत सङ्ग्रहभित्रका कथालाई द्वन्द्वका आधारमा अध्ययन गर्दा उनका आठ वटै कथा सशक्त रहेको पाइएको छ । पुलिस, वनपाले, स्थानीय नेताले सर्वसाधारण जनता, गरिब तथा महिलाहरूलाई समेत विभिन्न

*Copyright 2025 © The auther/s. This work is licensed under a* Creative Commons Attribution 4.0 International (CC BY 4.0) License.

किसिमका शोषण, अन्याय तथा अत्याचार गरेका हुँदा द्वन्द्व सिर्जना भएकाले यी कथाहरूमा उल्लिखित सबै किसिमका द्वन्द्व सशक्त रूपले आएका छन् । गुणात्मक पद्धतिमा आधारित भएर गरिएको यस अध्ययनबाट खनालको कथासङ्ग्रहका कथाहरूमा राजनीतिक, आर्थिक र सामाजिक द्वन्द्वहरूको कलात्मक ढङ्गले उपयोग गरिएको निष्कर्ष प्राप्त भएको छ । [The present paper aims to study the dichotomy in Harihar Khanal's *Beneath the Sky Touching Mountain*, a collection of short stories. Conflict has been considered an inner tussle of the realities in the world which are presented aesthetically in the work of art. The dichotomy in the narratives has been analyzed as a result of economic, social and political inequalities. For instance, due to injustice, domination and discrimination inflicted upon the people by the rulers have caused the political dichotomy. One of the reasons of conflict is the possession of property and class inequalities that makes people as exploiters and exploited in the socity, creating a rebellion for the conflicting conditions. Thus, the conflict between the upper and lower classes falls under the category of an economic conflict. Similarly, when there is a conflict among people in terms of the discrimination of class, sex, caste, religion and culture, this conflict is called as a social conflict. When Khanal's eight narratives are considered from the perspective of conflict, they are found to be very effective. For instance, the exploitation, injustice and domination of police, forest warden, and local leaders upon the ordinary people, poor and women have created all kinds of conflicts, which are depicted effectively in the narratives. Using the qualitative design in the study, the paper concludes that political, economic and social dichotomies have been artistically depicted in the narratives of the collection.]

**शब्दकुन्जी** [Keywords]: अन्तर्विरोध, असमानता, प्रतिरोध, वर्गीय द्वन्द्व [Dichotomy, inequality, resistance, class conflict]

## विषयपरिचय

*आकाश छुने डाँडोमुनि* कथासङ्ग्रह हरिहर खनालले लेखेका हुन् । गण्डकी अञ्चल कास्की जिल्लाको रूपा गाउँपालिका, १ मा जन्मिएका कथाकार हरिहर खनालले 'जूनको प्रकाश सूर्यलाई निम्त्याएर' नामक कथा प्रकाशित गरेर आफ्नो कथायात्रा सुरू गरेका हुन् । कविता, कथा, उपन्यास, निबन्ध, समालोचना, अनुवाद जस्ता विभिन्न विधामा कलम चलाएका उनले कथालेखनलाई मूल क्षेत्र बनाएका छन् । उनका *अजम्मरी गाउँ* (२०३७), *आकाश छुने डाँडोमुनि* (२०३८), *देश परदेश* (२०४६), *बमको छिर्का* (२०४७), *विगत आगत* (२०५५), *देशभित्र देश खोज्दै* (२०६७), *विघटन* (२०६३), *युद्धको पीडा* (२०७२) र *सहिदगेटकी आमा* (२०७५) जस्ता कथासङ्ग्रह प्रकाशित छन् । *आकाश छुने डाँडोमुनि* उनको दोस्रो कथासङ्ग्रह हो । मानव सभ्यताको विकाससँगै समाजमा देखापरेका राजनीतिक, आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक विभेदका कारण द्वन्द्वको सिर्जना भएको पाइन्छ । त्यही द्वन्द्वलाई कथाकार खनालले आफ्ना कथामा व्यक्त गरेका छन् । यस लेखमा खनालको *आकाश छुने डाँडोमुनि* कथासङ्ग्रहमा द्वन्द्वको चित्रण कसरी गरिएको छ भनी विश्लेषण गरिएको छ ।

द्वन्द्व जगत्को वस्तुसत्य कुरा हो । संसारका सबै गतिविधिहरू द्वन्द्वकै परिणति हुन् ।

साहित्य पनि जीवनजगत्‌को कलात्मक रूपान्तरण भएकाले यसमा पनि द्वन्द्वको प्रस्तुति भएको पाइन्छ । साहित्यमा द्वन्द्वका अनेकौँ प्रकारहरूको चर्चा पाइन्छ । यस लेखमा *आकाश छुने डाँडोमुनि* कथासङ्ग्रहका कथामा पाइने आर्थिक, सामाजिक र राजनीतिक द्वन्द्वलाई आधार मानेर विश्लेषण गरिएको छ । यस सङ्ग्रहमा मूलतः आर्थिक कारणले पछि परेका गरिब, सुकुम्बासीहरूले भोग्नुपरेका कथाव्यथा, लैङ्गिक विभेदका कारण नारी अस्मितामाथि धावा बोलिएका घटना र राजनीतिक आडमा गाउँका ठुलाबडा, पञ्चभलाद्मी र चाटुकारहरूले सर्वसाधारणलाई दिने दुःख र त्यस्ता अन्याय तथा अत्याचारको विरुद्ध निमुखा, गरिब तथा सुकुम्बासीहरूले गरेको प्रतिरोध नै मूल द्वन्द्वका रूपमा रहेको छ ।

हरिहर खनालको *आकाश छुने डाँडोमुनि* कथासङ्ग्रहका कथाहरू प्राज्ञिक अध्ययनका दृष्टिले अत्यन्त गहन, समस्यामूलक तथा अनुसन्धेय रहेका छन् । यी कथाको विभिन्न दृष्टिकोणबाट अध्ययन भइसकेको र हुन सक्ने आधारहरू भए पनि द्वन्द्वलाई सैद्धान्तिक आधार बनाएर अध्ययन नगरिएको अवस्थामा प्राज्ञिक रिक्तता रहेको पाइन्छ । यही रिक्ततालाई पूरा गर्ने उद्देश्यले प्रस्तुत लेखमा *आकाश छुने डाँडोमुनि* कथासङ्ग्रहका कथाहरूलाई द्वन्द्वका कोणबाट मात्र अध्ययन गरिएको छ । विवेच्य कथामा राजनीतिक, आर्थिक र सामाजिक कारणबाट उत्पन्न भएका द्वन्द्व के कसरी प्रस्तुत भएका छन् ? भन्ने मूल समस्यामा केन्द्रित भएर कथाकै उद्धरणका आधारमा तिनको विश्लेषण गरी निष्कर्षमा पुग्नु प्रस्तुत अध्ययनको उद्देश्य रहेको छ । प्रस्तुत सङ्ग्रहका कथामा अहिलेसम्म द्वन्द्वलाई सैद्धान्तिक आधार बनाएर अध्ययन नभएको अवस्थामा प्रस्तुत लेखमा द्वन्द्वमै केन्द्रित भएर अध्ययन विश्लेषण गर्नु आफैँमा नवीन कार्य भएकाले यसको महत्त्व तथा औचित्य स्वत पुष्टि भएको छ ।

## पूर्वकार्यको समीक्षा

चैतन्यको 'खनालज्यूका दुई कथा सङ्ग्रहबारे' (२०३९) लेखमा *अजम्बरी गाउँ* र *आकाश छुने डाँडोमुनि* कथासङ्ग्रहको विश्लेषण गरेका छन् । यस लेखमा *आकाश छुने डाँडोमुनि* कथासङ्ग्रहका कथा विश्लेषण गर्दै खनालका कथामा शोषण, अन्याय, अत्याचार, उत्पीडन, अपमान र गरिबीको चित्रण गर्दै गरिब, किसान तथा महिलाको अवस्था र जाली, शोषक तथा फटाहाहरूको विरोधमा भएको द्वन्द्वलाई देखाइएको उल्लेख गरेका छन् । उनले राजनीतिक द्वन्द्व प्रबल भएका कथाहरू 'चलन चल्ती' र 'साथी', लैङ्गिक द्वन्द्वमा केन्द्रित 'पुतली', गरिब किसानका द्वन्द्व समेटिएको 'आकाश छुने डाँडोमुनि', 'वस्तीभित्र' र 'जुलुस' एवं निम्न वैतनिक कर्मचारीको विवशता र स्वाधीनताको बारेमा 'एउटा पुरानो कथा' मा भएको उल्लेख गरेका छन् ।

लक्ष्मणप्रसाद गौतम (२०५२) ले *चितनवको साहित्य : सर्वेक्षण र विश्लेषण* नामक कृतिमा *आकाश छुने डाँडोमुनि* कथासङ्ग्रहको विश्लेषण गर्ने क्रममा हरिहर खनाललाई प्रगतिवादी धाराका कथाकारको रूपमा चित्रण गरेका छन् । उनले यस कथासङ्ग्रहका कथामा भूमिसुधार र सुकुम्बासी समस्या, वनरक्षकहरूको घृणित कार्य, उच्च पदस्थ कर्मचारीका निम्न वर्गका कर्मचारीप्रतिको दमन, गाउँका ठुलाठालुले जनतामाथि गरेका अन्याय र त्यसका विरुद्ध जनताले गरेको सङ्घर्षलाई देखाइएको उल्लेख गरेका छन् । यस कथासङ्ग्रहका पुतली, ठुली, चमेली, फुलमती, विष्णुमाया र फूलमाया जस्ता

नारी पात्रहरूले क्रान्तिकारी प्रतिनिधित्व गरेको उल्लेख गरेर लैङ्गिक द्वन्द्वको चर्चा गरेका छन् ।

गोपीन्द्र पौडेलले (२०५९) 'हरिहर खनालका कथामा यथार्थको प्रतिबिम्बन' शीर्षक लेखमा खनालका कथामा यथार्थको प्रतिबिम्बन कसरी गरिएको छ भन्ने उल्लेख गर्दै सबै प्रकारका उत्पीडन विरुद्ध सङ्घर्षरत हुने सन्देश दिएको उल्लेख गरेका छन् । खनालका कथामा किसान तथा सुकुम्बासीका समस्या र वर्गीय अन्तर्विरोधको प्रस्तुति गरिएको, राजनीतिक, सामाजिक विसङ्गति, नारीमाथि हुने अत्याचार, एवं स्वाभिमानको सङ्घर्षलाई कलात्मक रूपले प्रतिबिम्बन गरेको उल्लेख गरेका छन् ।

लीलाप्रसाद अधिकारी (२०६१) ले *आकाश छुने डाँडोमुनि* कथासङ्ग्रहका आधारमा 'खनालको कथाकारिता : एक चर्चा' लेखमा हरिहर खनालको कथासङ्ग्रहको विश्लेषण गर्दै समाजिक विभेद, शोषण, उत्पीडन, अन्याय र त्यसको प्रतिवादमा उठेका जागृत आवाजहरूलाई कथात्मक रूप दिइएको उल्लेख गरेका छन् । खनालका कथामा वर्गीय सामाजिक यथार्थलाई गम्भीर रूपमा प्रस्तुत गर्दै सामाजिक अन्तर्द्वन्द्वलाई राम्ररी प्रस्तुत गरेको जनाएका छन् । कथामा दलित, महिला, किसानमाथि गाउँका मुखिया, पुलिस र सरकारी निकायका मानिसले गरेको अत्याचारको पराकाष्ठा र त्यसका विरुद्ध उठेको जनलहरलाई प्रभावकारी ढङ्गले प्रस्तुत गरेको बताएका छन् ।

अनिरुद्र तिमसिना (२०६१) ले 'प्रगतिशील साहित्यका अथक साधक हरिहर खनालको रचनाकारिता : एक सर्वेक्षण' लेखमा खनालको कथासङ्ग्रह *आकाश छुने डाँडोमुनि* को चर्चा गर्दै गरिबले आवाद गरेको जग्गा ठालुले कब्जा गरेको, भूमिकर विरुद्ध जनताले सङ्घर्ष गरेको, महिलामाथिको अभद्र व्यवहारप्रति विद्रोह गर्दै माफी मगाएको, सुकुम्बासीले वनपाले र पुलिससँग गरेको सङ्घर्षलाई देखाइएको उल्लेख गरेका छन् । कथामा निम्न वैतनिक कर्मचारीको सङ्घर्ष र स्वाभिमान, नारीले आफ्नो अस्मिता जोगाउन गरेको सङ्घर्ष र सरकारी पक्षले जनतामाथि गरेको शोषण र अत्याचारलाई जीवन्त रूपमा प्रस्तुत गरेको उल्लेख गरेका छन् ।

## अध्ययनविधि

प्रस्तुत लेखमा निम्नलिखित अध्ययनविधिको उपयोग गरिएको छ :

### *सामग्रीसङ्कलन विधि*

प्रस्तुत लेख तयार गर्ने क्रममा आवश्यक सामग्री प्राथमिक र द्वितीयक स्रोतबाट लिइएको छ । प्राथमिक स्रोतको सामग्रीका रूपमा खनालको *आकाश छुने डाँडोमुनि* कथासङ्ग्रहलाई लिइएको छ भने द्वितीयक स्रोतका सामग्रीका रूपमा द्वन्द्वसम्बन्धी सामग्री र द्वन्द्वलाई सैद्धान्तिक आधार बनाएर अध्ययन गरिएका सामग्रीहरूलाई लिइएको छ । यी दुवै प्रकृतिका सामग्रीहरूको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ ।

### *विश्लेषण विधि*

सङ्कलित सामग्रीको विश्लेषणका निम्ति *आकाश छुने डाँडोमुनि* कथासङ्ग्रहभित्रका कथाहरूको सघन पाठविश्लेषण विधिअनुरूप सूक्ष्म पठन गरी स्थापित सिद्धान्तका आधारमा सन्दर्भपरक अध्ययनसमेत गरिएकाले प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको छ । कथामा रहेका द्वन्द्वसम्बन्धी उद्धरणलाई आधार बनाएर निगमनात्मक र आगमनात्मक दुवै विधिसहित व्याख्यात्मक र विश्लेषणात्मक विधिको उपयोग गरी अध्ययन सम्पन्न गरिएको छ ।

## ***सैद्धान्तिक आधार***

द्वन्द्व संस्कृत शब्द हो । दुई शब्दको सँगसँगै अभिव्यक्ति भएर वा पुनरावृत्ति भएर द्वन्द्व शब्द बन्दछ । दुई शब्दको द्वित्व भएर पूर्व पदमा अम् र उत्तर पदमा नपुंसकत्व भएर द्वन्द्व शब्दको निर्माण भएको छ जसले दुई भिन्न भिन्न कुराको जोडा वा संयुक्त रूप भन्ने अर्थ दिन्छ । *अक्सफोर्ड एडभान्स लर्नर डिक्सनरी*मा द्वन्द्व भनेको त्यस्तो परिस्थिति हो जसमा विपरीत विचार, धारणा र भावनामध्ये कुनलाई छान्ने भन्ने अप्ठ्यारो हुन्छ भनिएको छ । कार्लमार्क्सले सामाजिक वर्गहरूबिच हुने अन्तर्विरोधहरूको आपसी सङ्घर्ष र त्यसको परिणामलाई द्वन्द्व भनेका छन् (शर्मा र लुइटेल, २०६३, पृ. १४५) । यसमा समाजका विभिन्न वर्गहरूबिच हुने सङ्घर्षबाट द्वन्द्वको सिर्जना भएको कुरा स्पष्ट भएको छ ।

द्वन्द्वका कारणहरू जीवन र जगत्भित्रै पाइन्छन् । द्वन्द्वका कारण आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक विभिन्न हुन सक्छन् । सम्पत्तिप्रतिको वैयक्तिक स्वामित्व द्वन्द्वको एउटा प्रमुख कारण हो । आर्थिक असमानताका कारण गरिब वर्ग धनी वर्गमाथि निर्भर हुन बाध्य हुन्छ । उसको बाध्यताको नाजायज फाइदा उठाउँदै धनी वर्गले गरिब वर्गलाई आर्थिक शोषण गर्दछ । यही निजी सम्पत्तिले गर्दा नै वर्गहरूबिच द्वन्द्व उत्पन्न हुन्छ (चापागाईं, २०५४, पृ. ११४) । शोषणलाई सहन नसक्ने अवस्था आएपछि त्यसका विरुद्ध विद्रोह वा क्रान्ति गर्नैपर्ने विश्वदृष्टकोण प्राप्त भएपछि शोषित वर्गले शोषक वर्गका विरुद्ध सङ्घर्ष गर्छ (ज्ञवाली, २०६८, पृ. ४३) । सामाजिक असमानता र वर्गविभेदले गर्दा नै समाजमा द्वन्द्वको सिर्जना भएको पाइन्छ ।

समाज, द्वन्द्वको अर्को कारक क्षेत्र मानिन्छ । समाजमा भिन्न भिन्न जाति, धर्म, लिङ्गको मिश्रण पाइन्छ । वर्णविभेद (ब्राह्मण, शुद्र), धर्म विभेद (हिन्दु, मुसलमान, इसाई) लिङ्ग विभेद (स्त्री र पुरुष) खाले विभेदबाट जन्मिएका वर्गसमाजको एक हिस्साद्वारा अर्को हिस्साको शोषण नै सम्पूर्ण विगत शताब्दीहरूको साझा तथ्य भनी मार्क्स र एङ्गेल्सले भनेका छन् (मास्के र पौडेल (अनु.) २०६३, पृ. ७६) । धार्मिक आडम्बर, जातीय अहङ्कार, स्वर्ग नर्कसम्बन्धी धारणा, धामी झाँक्रीप्रतिको अन्धविश्वास र रुढिवादी प्रथाका कारण पनि समाजमा द्वन्द्व हुने गरेका छन् ।

मानवसमाजको ऐतिहासिक विकासको क्रममा समाजको व्यवस्थापनका लागि राज्यसत्ताको जन्म भयो । यसपछि समाज शासक र शासित वर्गमा विभाजित भयो । उत्पादन साधन माथिको निजी स्वामित्व नै द्वन्द्वको आधार हो जसले समाजलाई वर्गमा विभाजित गर्दछ । यो त्यस्तो आधार हो जसका आधारमा उत्पादनसाधनका मालिकहरू श्रमजीवी वर्गहरूको शोषण गर्दछन् । सत्ताधारीहरू शासक वर्ग र श्रमजीवीहरू शासित वर्गका रूपमा विभाजित भए । राजनीतिको आर्थिक, लैङ्गिक, धार्मिक, सामाजिक सबै पक्षसँग प्रत्यक्ष सम्बन्ध हुन्छ । राजनीतिक द्वन्द्व सिद्धान्त वा विचारको फरक पनका कारण जन्मिने गर्छ । राजनीतिक द्वन्द्वको लक्ष्य सत्ता र सरकारको परिवर्तनका साथै सामाजिक स्तरमा पनि रूपान्तरण गर्ने हुन्छ । यस्ता द्वन्द्वमा हड्ताल, धर्ना, जुलुस प्रदर्शन, संसदमा शान्तिपूर्ण सङ्घर्षदेखि लिएर सशस्त्र सङ्घर्षसम्मका तौरतरिका उपयोग हुन्छ ( आफानास्येभ, १९८५ पृ. २९९) । राजनीति तथा हरेक कुराको केन्द्र र हरेक समस्या समाधानको अन्तिम बिन्दु हुनाले हरेक प्रकारका द्वन्द्वको क्षेत्र बन्नु स्वाभाविक देखिन्छ । यिनै सामाजिक आर्थिक र राजनीतिक द्वन्द्वका आधारमा प्रस्तुत कथासङ्ग्रहका कथाको विश्लेषण गरिएको छ ।

## द्वन्द्वका आधारमा आकाश छुने डाँडोमुनि कथासङ्ग्रहको विश्लेषण

प्रस्तुत लेखमा कथाकार हरिहर खनालको *आकाश छुने डाँडोमुनि* कथासङ्ग्रहभित्रका आठ वटा कथाहरूलाई द्वन्द्वका आधारमा अध्ययन विश्लेषण गरिएको छ । द्वन्द्वसम्बन्धी अध्ययन गर्ने क्रममा आर्थिक, सामाजिक र राजनीतिक कारणबाट कथामा सिर्जित आन्तरिक र बाह्य दुवै किसिमका द्वन्द्व भएका उद्धरणहरूको खोजी गरी अध्ययन गरिएको छ ।

### *आकाश छुने डाँडोमुनि कथामा द्वन्द्व*

'आकाश छुने डाँडोमुनि' कथामा जग्गाजमिनको दर्ताका निम्ति डोर आउँदा काले घर्तीद्वारा आवाद गरिएको र उसैले कमाइ गर्दै आएको जग्गा गाउँका ठुलाठालु कान्छा बाजेले आफ्नो नाममा दर्ता गरेको सन्दर्भबाट काले घर्ती र कान्छा बाजेबिचको द्वन्द्वलाई देखाइएको छ । समाजमा रहेको वर्गीय शोषण र सामन्ती ढाँचाले निम्नवर्गीयहरूको जीवनशैली अझ दयनीय भइरहेको अवस्थालाई चित्रण गर्न घर्ती कालेको परिवार र कान्छा बाजेलाई शोषक र शोषित पात्रका रूपमा उभ्याइएको छ । कालेले भित्री बारीलाई सिंचेर हराभरा बनाए पनि त्यस ठाउँबाट हात धुनुपरेको पीडालाई बिर्सने प्रयत्न गर्दै मजुवा बगरलाई पसिनाले सिन्चित गर्न थाल्यो । अशिक्षा र रुढिवादी चिन्तनले थिचिएको उसलाई ईश्वरले यौटा बाटो लाउलान् भन्ने विश्वासले कर्ममा खटायो । ऊभित्र ठुलो रुखको आड लाग्दा किचिएर मर्ने शङ्का उठेकाले मनमा अन्तर्द्वन्द्व बल्झिएको छ । मनमा द्वन्द्व उब्जिए पनि उसले मजुवा बगरलाई भने हराभरा बनायो ।

चार वर्षपछि डोर आउँदा कान्छा बाजेले जग्गा आफ्नै नाममा दर्ता गरेपछि, "काले आकाश छुने डाँडाको चुचुरोबाट एकैचोटि खँगारिएर तल खसे झैं भयो" (खनाल, २०३८, पृ. १६९) । कान्छा बाजेले प्रमाणको रूपमा रसिद देखाएर उसको जग्गा हडपेपछि गोली लागेको मृग झैँ भएर पञ्चायत पुगेको काले प्रधानपञ्चको आग्रहबमोजिम निवेदन लेख्न विनोदकहाँ पुगेको छ । उसले विनोदसँग 'जसको जोत उसको पोत भनेको के हो त हजुर' भनेर विद्रोहको आवाज यसरी उठाएको छ, "काले के यो आकाश छुने डाँडोमुनिका सप्पै मान्छे पशु हुन् र ? कान्छा बाजे मात्रै मान्छे हुन् र ? के गरिपको पसिनाको मोल हुँदैन र ?" (खनाल, २०३८, पृ. १६९) । उद्धृतांशमा गरिबमाथि अत्याचार भएपछि विनोदले रन्किएर आफ्नो दृष्टिकोण अभिव्यक्त गर्ने सन्दर्भमा द्वन्द्वको चरमावस्थालाई प्रस्तुत गरिएको छ ।

यसै गरी निवेदन लेखिदिने विनोदले समेत हामी आफैँ सचेत भएर आफूमाथि परेको अन्याय बुझी आफ्नो भकारी भर्न आफैँ कस्सिए मात्र गरिबका पसिनाले मोल पाउँछन् । नत्र सधैँ धनीहरूले गरिबलाई शोषणको जाँतोमा पिसिराख्छन् भन्ने विचार प्रस्तुत गरेको छ । यसबाट पढे लेखेका मानिसहरूले गरिबको मर्का त बुझ्छन् तर अन्यायका विरुद्ध आवाज उठाएर गरिबको पक्षमा आन्दोलन गर्ने साहस देखाउँदैनन् भन्ने चेतनामूलक आवाज प्रस्तुत गरिएको छ । यसबाट आर्थिक द्वन्द्वको प्रस्तुति भएको पाइन्छ । यसमा समाजमा रहेका साँहिला काजी तथा कान्छा बाजेहरू जस्ताले काले घर्ती जस्ता कमजोर पात्रलाई शोषणमा राखेको यथार्थलाई चित्रण गरिएको छ ।

'आकाश छुने डाँडोमुनि' कथामा डोरले कान्छा बाजेको नाममा जग्गा पास गरिदिएर कालेलाई पुनः सुकुम्बासी बनाउनु, त्यसप्रति कालेका मनमा उठेको अन्तर्द्वन्द्व र विनोदले गरेको

विश्लेषणले राजनीतिक द्वन्द्वलाई उजागर गरेको छ। सत्तासीनहरूले पहुँचवालाकै पक्षमा निर्णय सुनाउनु राजनीतिक कारण हो। सत्ताको आडमा कानुनी प्रक्रियामा विधि पुऱ्याउन उनै सक्षम हुन्छन् र निमुखामाथि शासन चलाउँछन् भन्ने विषयलाई यस कथामा प्रस्तुत गरिएको छ। नापीमा आउने, पञ्चायतका प्रधानपञ्च पनि कालेको पक्षमा नउभिई कान्छा बाजेको पक्षमा उभिनुले राजनीतिक दृष्टिले हेर्दा शासनसत्ता जहिले पनि शोषककै पक्षमा रहेको देखाइएको छ। यसले सिर्जना गरेको द्वन्द्वमा गरिब नै थिचिनुपरेको देखिन्छ।

### *बकैनाको बोट वरिपरि कथामा द्वन्द्व*

खनालको 'बकैनाको बोटवरिपरि' शीर्षकको कथामा संरक्षित वनका आसपासमा बसोबास गर्ने निम्नवर्गीय किसानलाई वनपालेले सताएको सन्दभ प्रस्तुत गरिएको छ। बदमास वनपालेले महिला तथा गरिब, निमुखालाई सताउने, दुःख दिने गरेर असुरक्षित गराएकाले त्यही पात्रलाई पक्रेर हायलकायल बनाइएको विषयलाई खनालले यसमा समेटेका छन्। कथाका प्रमुख पात्र ठुली र चमेली दाउरा बोकेर घर आउँदै गर्दा वनपालेले लछारपछार पार्दै दाउरा पनि छरपस्ट पारिदिएपछि ठुलीले रुखबाट मिल्केका लोप्रा बटुलेर ल्याउन नि नपाउनु के को अचाक्ली हो यो ? भनेर प्रतिवाद गरेको देखाइएकाले यसमा वर्गीय द्वन्द्व देखिएको छ। पुनः वनपाले (चौकीदार) ले चमेलीलाई थप्पड हानेर ढाली उसको मुजेत्रो हँसिया र नाम्लो खोसेर लगेपछि ठुली चिच्याउँदै बस्तीतिर लागेको प्रसङ्गले द्वन्द्वलाई तीव्र बनाएको छ। यसै सन्दर्भमा कथाकारले, "हिजो पल्लो गाउँको काजीको हलीलाई कुटे, आज त अब आइमाई पनि भन्न छाडे लौ, साइँदुवाहरूले त" (खनाल, २०३८, पृ. १७४) भनेर द्वन्द्वबारे आफ्नो अभिमत व्यक्त गरेका छन्।

'बकैनाको बोट वरिपरि' कथामा वनपालेको व्यवहारले बस्तीमा विद्रोहको वातावरण सिर्जना भएको छ। चमेलीको रुवाइले मौनविद्रोहलाई जगाएर अन्यायको आवाज उरालेको छ। हिजो पल्लो गाउँको काजीको हलीलाई कुटे, आज त आइमाई पनि भन्न छाडे लौ, साइँदुवाहरूले त भन्दै प्रतिरोधी आवाज घन्कन थालेको देखाएर अन्यायको विरुद्ध न्यायको आवाज उठाइएको छ। वनपाले वनका कर्मचारी र उनका चम्चे साइँदुवाका ज्यादतीको विरोधमा सुरवीर, टरेली कान्छो, ठुलीको छोरालगायतका गाउँलेहरूले प्रतिरोध गरेका छन्। यस कथामा वर्गीय द्वन्द्वको स्थिति देखा परेको छ। ठुला भनाउँदाहरूबाट सर्वसाधारणहरूलाई दुःख दिने काम कथामा भएको छ।

प्रस्तुत कथामा शासक वर्गको आडमा निमुखालाई दुःखकष्ट दिने प्रवृत्तिलाई उजागर गरिएको छ। वनपाले र वनका कर्मचारीहरूले स्थानीय चाटुकारको मिलेमतोमा आतङ्क मचाएका छन्। खैरो कपडा लगाएको मान्छे देख्ने बित्तिकै कालोनिलो हुने अवस्था मात्र रहेन, भौतिक आक्रमण पनि बेहोर्नुपरेको देखाएर शासनसत्ताको आडमा गरिएको शोषण, दमन र त्यसको प्रतिरोध गरिएको देखाएर शासक र शासितबिचको द्वन्द्व देखाइएको छ।

सामाजिक दृष्टिले नारी पात्रलाई प्रत्यक्ष द्वन्द्वमा सामेल गराएर कथाकारले लैङ्गिक रूपले पनि विभेद भएको अप्रत्यक्ष प्रस्तुति गराएका छन्। सामाजिक दृष्टिले अशिक्षित, पिछडिएका व्यक्तिलाई मर्का पारिएको छ। अन्यायको प्रतिरोध गर्दा वनपाले, कर्मचारी साइँदुवा जस्तालाई केरकार गरी माफ माग्न लगाएर कथा टुङ्ग्याइएको छ। यसरी प्रस्तुत कथामा वनको

कर्मचारी र उसका चम्चेहरूको ज्यादतीको विरोधमा उर्लिएको गाउँलेहरूको विद्रोही स्वर र व्यवहार प्रदर्शनलाई देखाइएको छ ।

### *एउटा पुरानो कथा कथामा द्वन्द्व*

खनालको 'एउटा पुरानो कथा' मा न्यून वैतनिक कर्मचारी अम्मरे र उसकी पत्नी पार्वतीले आफ्नो अभावग्रस्त जीवनमा भोग्नुपरेका कटुअनुभवलाई औँल्याउँदै हाकिम सुब्बा आदि माथिल्लो तहका कर्मचारीद्वारा उसको श्रमशोषण भएको चित्रण गरिएको छ । अम्मरे र पार्वतीको बिचमा दुई वर्षदेखि मन खोलेर कुरा नभइरहेको सन्दर्भमा अम्मरे किन अन्तर्मुखी भयो भनेर उसको अन्तर्कथाको खुलासा गरिएको छ । अम्मरेको व्यवहारमा देखापरेको फरकपनबाट पार्वती मनोद्वन्द्वमा फसेकी छे । गाँस र बासको ठेगान नभएको अम्मरेसँग जीवन बिताउँदा आफूलाई अभागी सम्झेर विरह र वेदनामा डुबेको देखाएर आर्थिक अभावले सिर्जना गरेको द्वन्द्वलाई देखाइएको छ । न्यून वैतनिक कर्मचारी भएकाले आर्थिक अभावको चपेटामा परी भोकै बस्नुपर्ने विवशतामा बाँचेको अम्मरे शिथिल हुँदै बिरामी समेत भएको देखाइको छ ।

अम्मरे बिरामी भएपछि स्याहार गर्दै गरेकी पार्वतीलाई उसले स्नेह प्रकट गर्दै आफ्नो पुरानो कथा सुनाएको छ । अड्डामा पिउनको जागिर सन्जोगले मिलेपछि हाकिमलाई सेवा गर्दा गर्दै पनि अनावश्यक र कष्टपूर्ण काममा लगाउन थालेपछि काम गर्न नमानेर प्रतिवाद गरेको देखाइएको छ । यसमा कसरी गरिब निमुखालाई उच्च वर्गकाले दुःख दिन्छन् भन्ने देखाइएको छ । बिरामी हुँदासमेत काम गर्न बाध्य पारेपछि अम्मरेले सुब्बासँग प्रतिकारस्वरूप बोलेको छ, "बिरामी भएको मान्छेलाई पनि केको यस्तो अतिचार गर्नुहुन्छ साप ? तपाईंको घर पनि त हैन नि यो । मलाई अड्डाको काम पो गर्न कर छ, तपाईंको काम गर्न मलाई के को कर ?" ( खनाल, २०३८, पृ. १८०) । यसरी सुब्बाको अत्याचारले सीमा नाघेपछि अम्मरेले प्रतिरोध गर्दा यी दुईबिच द्वन्द्वको सिर्जना भएको छ । त्यसपछि सुब्बाले उसलाई थप्पड लगाएको छ । अर्काले उसलाई चुपीले हानेको छ । अम्मरेको हातबाट बगेको रगतले भुइँ पोतिएको देखाएर यस कथामा वर्गीय द्वन्द्वलाई देखाइएको छ । घाइते अम्मरेलाई पुलिस थानामा समेत सामान्य मानवीय व्यवहार नगरी दुर्व्यवहार गरेको देखाएर शासक र शासितबिचको द्वन्द्वलाई देखाइएको छ । अम्मरेभित्र प्रतिशोधको भावना यसरी पलाएर आएको छ, त्यसपछि नै हो मैले आफैँ ठुलाबडा हुँ भन्दै हिँड्ने मानिसहरूका लागि काम नगर्ने निधो गरेको (खनाल, २०३८, पृ. १८२) भनेर पत्नी पार्वतीको जिज्ञासालाई शान्त गराएको छ । यसरी यस कथामा तल्लो तहका कर्मचारीका बाध्यता, विवशता आदिले पारिवारिक जीवनमा पर्ने, प्रहरी प्रशासनको दुर्व्यवहार एवम् सामान्य औषधोपचार पनि पाउन नसक्ने अवस्था देखाएर विद्यमान वर्गीय खाडलको चित्रण गरिएको छ ।

### *जुलुस कथामा द्वन्द्व*

खनालको 'जुलुस' पञ्चायतकालमा जनचेतनाले विद्रोहको रूप लिएको घटनालाई प्रस्तुत गर्दै राजनीतिक चेतना र क्रान्ति चेत उर्लेपछिको जनसागरलाई प्रहरीले दमन गर्न नसकेको विषय समेटिएको कथा हो । म पात्र चौबाटोमा पुग्दा दिलबहादुर, रामु, श्यामे, गोतामे जेठा, स्याने कार्की, ठुले दमै, फुलमायालगायत गाउँले किसानहरू आइमाई, केटाकेटी र बालबच्चाले यसरी नारा लगाएका छन्, आकाश थर्काउँदै ती मान्छेहरू अगाडि बढिरहे । आकाशमा

बिजुली पड्केझैँ एकाएक त्यो समूहमा पनि विस्फोटको आवाज चड्क्यो । ड्याङ् !! डयाङ् !!! असङ्ख्य गोलीका पर्रा छुटे, आकाश कम्पित भयो, वातावरण डरलाग्दो मृत्यु जस्तै देखियो (खनाल, २०३८, पृ. १८४) । यसरी गरिबले भूमिकर घटाउने माग गर्दा पुलिसले हिरासतमा राखेको विरोधमा जुलुस निस्किएको छ । नारा लगाउँदै अगाडि बढेको जुलुसमाथि गोलीको वर्षा गरेपछि मान्छेका लास, बर्दिवाल पुलिस र रगतमा मुछिएको सडक मात्र बाँकी रह्यो । अत्याचारले सीमा नागेपछि एक दिन मर्नु नै छ भनी उनीहरू भोलिपल्ट झन् उग रूप लिएर जुलुस अगाडि बढाएपछि त्यो बढेकोबढ्यै भएको छ, आखिर मर्नु त छँदै छ एक दिन । जब असह्य हुन्छ ढुङ्गो माटो पनि जुर्मुराएर उठ्छ । पेट रित्तो आएका मान्छेको भोक गोलीले टार्दैन । मर्नै छ त मान्छेहरू किन डराउँछन् (खनाल, २०३८, पृ. १८५) । अत्याचार असह्य भएपछि उनीहरूले ज्यानको बाजी लगाएर सडकमा अझै उग्र नाराजुलुस गर्दा पुलिसले पनि भिड रोक्न सकेन । यसरी भूमिकर घटाउन निवेदन दिँदा हिरासतमा राखिएपछि उठेको विद्रोहको ज्वालालाई प्रहरीको दमनले पनि रोक्न नसकेको यथार्थलाई चित्रण गरेर राजनीतिक चेतना र विद्रोहको चेतको प्रतिनिधि गराइएको छ । राजनीतिक द्वन्द्वको रूपमा शासक र शासितबिचको द्वन्द्वलाई कथाले प्रस्तुत गरेको छ ।

'जुलुस' कथाले नेपालको राजनीतिक इतिहासमा देखिएको २०३६ सालको जनआन्दोलन तिरको सन्देश दिएको छ । भूमिकर घटाउने जुलुस भए तापनि यसले सत्ता वा शक्तिवालाबाट हुने गरेको थिचोमिचोको विरुद्धमा बोल्ने साहस दिएको छ (न्यौपाने, २०७०, पृ. १५८) । न्यायको पक्षमा आवाज उठाउँदा भएको प्रहरीदमन र विद्रोहात्मक चेतनाले सफलता प्राप्त गरेको छ ।

### *साथी कथामा द्वन्द्व*

'साथी' कथामा म पात्र (श्याम) र आगन्तुक (शिव) विद्यार्थी जीवनमा एउटै थालमा खाएर पढे पनि श्याम भावुक सिर्जनशील कार्यमा संलग्न रहेको छ भने शिव अरूका दुःखलाई बेवास्ता गर्दै अगाडि बढेको छ । शिव सक्रिय रूपमा राजनीतिमा भाग लिएर काम गर्छ भने श्याम जागिरे भई सुखसुविधामा लिप्त रहेको छ । शिवलाई क्षयरोगले ग्रस्त पार्दासमेत श्यामले सहयोग गर्न सकेको छैन । एक दिन जुलुसमा प्लेकार्ड लिएर जनसमूहमा मिसिएको शिवलाई देखेपछि श्यामले आफूलाई दिशाविहीन ठानेको छ । देश र जनताका लागि समर्पित भएर हिँड्ने र आफ्नो व्यक्तिगत हितमा लागेर बिग्रदै जाने दुई साथीका बिचको कथालाई यसमा विषयवस्तु बनाइएको छ । कर्मचारीको कामचोर प्रवृत्ति र राजनीतिक समर्पणमा लागेका व्यक्तिका बिचको भिन्नतालाई चित्रण गर्दै बिरामी अवस्थामा सहयोगसमेत गर्न नसकेकाले आफ्नो जीवन निरर्थक भएको अनुभव गरेको छ यी दुई बिचको वैचारिक भिन्नतालाई द्वन्द्वको रूपमा चित्रण गरिएको छ । म पात्र आर्थिक रूपले सबल भएर पनि केही गर्न नसकेकामा पछुतो मानेको छ । मध्यम वर्गको प्रतिनिधित्व गरेको शिवले भने बिरामी भएर पनि देश र जनताका पक्षमा काम गरेको देखाइएको छ । उसले निम्नवर्गको प्रतिनिधित्व गरी शासनव्यवस्थाको परिवर्तनका लागि त्याग गर्दै श्यामसँग भनेको छ, । "हामी मान्छे भएर बाँच्न सिक्नुपर्छ श्याम ! हाम्रा थुप्रै जिम्मेवारीहरू छन् । के हामीले सही अर्थमा देश र जनताका लागि एक थोपा मात्र पनि पसिना बगाएका छौँ ?" (खनाल, २०३८, पृ. १८८) । यसरी वर्तमान राजनीतिमा देखापरेका दुई प्रवृत्तिबिचको द्वन्द्व नै यस कथाको अभिष्ट रहेको छ ।

### *चलनचल्ती कथामा द्वन्द्व*

खनालको 'चलनचल्ती' कथामा गाउँका निमुखा नागरिकलाई चन्दाका नाममा ठग्ने गरेको चरित्र चित्रण गरिएको छ । एउटै पात्रले पटक पटक आस्था परिवर्तन गरेर नयाँ नयाँ दलसँग जोडिने र जनतालाई पङ्गु बनाउने प्रवृत्तिको यसमा पर्दाफास गरिएको छ । कथामा सदस्य र उसका आसेपासेले मगर कान्छोको चिया पसलमा आएर सरकारी रवाफ देखाउँछन् र चन्दा माग्दछन् । यत्तिकै गरिबलाई धम्काएर गरिबसँग चन्दा मागेको कुरा भण्डारी जेठालाई चित्त नबुझेपछि उसले विरोध गर्दै भनेको छ, "मालपोत र पानीपोतले मान्छेको ढाड कक्रक्क पारेर थिचेको छ, त्यसमाथि अझै बाह्र किसिम र सत्ताइस थरिका चन्दा ! कसरी सहन सकिन्छ ए गाँठे ?" (खनाल, २०३८, पृ. १९३) यसरी चन्दा मागी हैकम जगाउँदै आएको सदस्यले जिल्लाका नेतादेखि मन्त्रीसम्मलाई पाहुना बनाएर मगर कान्छासँग अनेक तरहले पैसा झार्ने कोसिस गर्छ । कान्छाले सदस्यको यस्तो असहिष्णु व्यवहारप्रति असहमति जनाउँछ । ऊ पैसा दिन नसक्ने कुरा बताउँछ । यसैबिच सदस्यको टोली मध्येको एउटाले कान्छासँग प्रतिवाद गर्छ । खड्का बुढाले सदस्यको पक्ष लिएपछि बुद्धिसागरले "दुनियालाई मारेर खाने पाजी पनि भुत्राको ठुलो मान्छे' यो त शोषक हो, शोषक, गाउँको फटाहा' भनेर अन्यायको विरुद्ध आवाज उठाएको छ" (खनाल, २०३८, पृ. १९६) । यसरी कथामा शोषक र शोषित बिचको द्वन्द्व उत्कर्षमा पुगेको देखाइएको छ । कान्छो मगर, बुद्धिसागर, भण्डारी जेठा, नयाँ घरे साइला आदिले शोषितको पक्षमा वकालत गरेका छन् भने सदस्य, उसका आसेपासे र खड्का बुढा शोषकका पक्षधर छन् । मालपोत र पानीपोतले मान्छेको ढाड कक्रक्क पारेर थिचेको छ । त्यसमाथि अझै बाह्र किसिम र सत्ताइस थरीका चन्दा कसरी सकिन्छ हो गाँठे भनी भँडारी जेठाले सशक्त रूपमा प्रतिकार गरेको छ । जनताकै चन्दाले चुनाव जित्ने, तिनैको श्रम शोषण गरेर रोवरवाफ मच्चाउने प्रवृत्तिको विरोध गरिएको यस कथामा वर्गीय एवम् राजनीतिक द्वन्द्व प्रष्ट रूपमा देख्न सकिन्छ ।

### *पुतली कथामा द्वन्द्व*

'पुतली' कथा सँगसँगै दाउरा काट्न वन जाने पुतली र विष्णुमायाका संवाद प्रस्तुत भएका छन् । यो कथा मूलतः नारीसमस्यामा केन्द्रित रहँदै शिक्षक, किसान तथा सुकुम्बासीहरूका समस्यामा केन्द्रित भएको छ । शोषकहरूका विरुद्ध प्रतिरोध गरिएको विषयवस्तुलाई यस कथामा समेटिएको छ । श्यामे साहु, बुद्धिमाने, प्रधानपन्च, रामेजस्ता पात्रहरू रातारात धनी भएका छन् । कालो बजारी गरेर होस् या चुनावका बेला पैसाको चलखेल गरेर श्रमजीवी गाउँलेको पसिनाबाट धनी बनेकाहरू अझै शोषणमा लिप्त रहेको देखाइएको छ । पहिले पढ्न नपाए पनि अहिले विस्तारै पढेर चेतना विस्तार गरेकी पुतली र उसबाट प्रभावित विष्णुमायाका कुराकानीमा जागरणको लहर फैलिँदै गएको देखिन्छ । शिक्षकहरू हड्तालमा उत्रिए पनि उनीहरूको दयनीय अवस्था देखाइएको छ । भूमिसुधार कार्यक्रम आए पनि गरिब जनताको स्तर उठ्न नसकेको, बैंकले ऋण पनि धनीलाई मात्र दिने गरेको, भूमिसुधारले बचत उठाए पनि पञ्चायतका सदस्य र कर्मचारीले रजाइँ गर्ने अवस्था देखिएको छ । जग्गा बाँढ्दा पनि ठुलाठालुले मात्र पाउने सुकुम्बासीले नपाउने स्थितिप्रति जनआक्रोश बढ्दै जान थालेको देखिएको छ ।

यस कथामा सामाजिक द्वन्द्व नारीमाथिको शोषण अन्यायलाई चित्रण गर्दै

त्यसका विरुद्ध आन्दोलन गरेर आततायीहरूलाई पक्रेर, मोसो दलेर गाउँ घुमाएको देखाइएको छ । एक दिन यसै मर्नुपर्छ उसै मर्नुपर्छ । मान्छे भएर पशुको जस्तो जीवन बिताएर बाँच्नुभन्दा आफ्नो हक र इज्जतका लागि शोषण र दमन विरुद्धको लडाइँमा गोली खाएरै मर्नुपरे पनि जाती हुन्छ बुझ्यौ ?" (खनाल, २०३८, पृ. २०२) । फटाहाहरूका अत्याचार सहँदा सहँदा आजित भएपछि उनीहरूले पशुको जस्तो जीवन बाँचेर दिनदिनै मर्नुभन्दा आफ्नो हक, अधिकार र इज्जतका लागि शोषण तथा दमन विरुद्धको लडाइँमा गोली खाएरै मर्नुपरे पनि पछि नहट्ने बताएका छन् । चेतनामूलक गीत गाउँदै अगाडि बढ्ने प्रण गरेका सचेत गाउँलेहरूले सत्ताको वनपाले काम गर्नेले महिलामाथि अभद्र व्यवहार गरेको बदला लिएको देखाएर राजनीतिक द्वन्द्व देखाइएको छ । यसरी वर्गीय द्वन्द्व सामाजिक द्वन्द्व राजनीतिक द्वन्द्वको उत्कर्ष स्वरूप यस कथामा प्रस्तुत गरिएको छ ।

## ***बस्तीभित्र कथामा द्वन्द्व***

'वस्तीभित्र' चितवनको संरक्षित वन आसपासका निम्नवर्गीय वस्तीभित्रका किसान र नारीका समस्यालाई चित्रण गरिएको कथा हो । 'वनपालेले १७ वर्षकी फुलमतीलाई बलात्कार गर्ने प्रयास गरेको छ । त्यसका आपराधिक गतिविधि देखेर फुलमती यसरी रिसले आगो भएर उसमाथि यसरी आक्रमण गरेकी छ,

फुलमतीका आँखा रिसको आगोमा टल्केर धपक्क बले । उसले आफ्नो अगाडि काला निला अस्पष्ट धब्बा मात्र देखी । ऊ एकाएक एउटा प्रलयकारी हुङ्कार बोकेर चिच्याउँदै उफ्रिई र पर पुगेर त्यो वनपालेको कपाल समातेर जगल्ट्याई । त्यसलाई जथाभावी चिथोर्न थाली । वनपालेको अनुहार कोपर्ने र टोक्ने गर्न थाली । केही मानिसहरू फुलमतीसँगै अगाडि बढेर जुधे ।

वनपालेले फुलमतीलाई बलात्कार गर्न नपाएकोमा आतङ्क फैलाएको छ । दाउरा जनी खुल्यो भन्ने हल्ला फिँजाएर किसानहरूलाई झुक्याई जङ्गल पस्न नदिएर लाठी बर्साइएको छ । सुकुम्बासी बस्तीमा नीलो मोटर र सशस्त्र पुलिसहरू आएर गरिबका छाप्रामा आगो लगाइदिएको र प्रतिकारमा उत्रँदा गोली हानेर मारेको विषयलाई कथामा प्रस्तुत गरिएको छ ।

सुकुम्बासीहरूले गरिबीका कारण भोग्नुपरेको यथार्थलाई चित्रण गर्दै सामाजिक रूपमा महिलालाई भोगको साधन ठान्ने बलात्कारी सामन्ती चरित्रको चित्रण गर्दै वनपालेसँगको द्वन्द्वबाट यस कथाको प्रारम्भ भएको छ । किसानहरूलाई अचानक जङ्गल पस्न अवरोध गरिएको, लाठी प्रहार र त्यसको प्रतिवादले शासक र शासितबिचको द्वन्द्वलाई उजागर गरेको छ । पुलिसले गरिबका छाप्रामा आगो लगाउँदा त्यसको प्रतिकारमा गोलीको सिकार बन्नुपरेको यथार्थले राजनीतिक रूपले शासकहरू गरिबको पक्षमा नरहने तथ्यलाई उजागर गरेको छ । अन्यायको विरुद्ध ज्यान गुमाउनुपरेको यथार्थ देखाइएको यस कथामा वर्गीय द्वन्द्व, लैङ्गिक हिंसा र शासकीय अत्याचारलाई प्रकट गरिएको छ ।

## **विमर्श र नतिजा**

कथाकार हरिहर खनालको *आकाश छुने डाँडोमुनि* कथासङ्ग्रहमा रहेको 'आकाश छुने डाँडोमुनि' कथामा काले घर्तीको परिश्रममाथि ठालु कान्छा बाजेको शोषणलाई देखाएर सत्ताको आडमा कानुनी प्रक्रिया मिलाएर गरिएको प्रपञ्चले शासक र शासितबिच द्वन्द्व हुनुलाई राजनीतिक कारण मानिएको छ । यसमा कान्छा

बाजे आर्थिक रूपले सम्पन्न र काले घर्ती विपन्न परिवारको भएकाले वर्गीय द्वन्द्व सबल नै देखिन्छ । काले पिछडिएको समुदायको भएका कारण शोषणमा परेको देखाइएर सामाजिक द्वन्द्वको पनि सिर्जना गरिएको छ । यस कथामा क्रमशः राजनीतिक, आर्थिक र सामाजिक द्वन्द्व प्रबल बनेर देखापरेको छ ।

खनालको 'बकैनाको बोट वरिपरि' कथामा वन आसपासका क्षेत्रमा घाँस दाउरा गर्न गएका महिलालाई वनपालेले गरेको अत्याचार र त्यस विरुद्धको सफल प्रतिरोध राजनीतिक द्वन्द्वका रूपमा देखाई शासक र शासितबिचको द्वन्द्व प्रबल बनेको छ । आर्थिक रूपमा कमजोर भएकै कारण महिलाहरूले जङ्गलमा घाँसदाउरा गर्नुपरेको कारण देखाई आर्थिक द्वन्द्व सिर्जना हुन पुगेको छ । कथामा महिला पात्रमाथि दुर्व्यवहार भएपछि यसैको प्रतिरोधस्वरूप द्वन्द्व भएकाले यसमा सामाजिक द्वन्द्व पनि सशक्त बनेको छ । यस कथामा क्रमशः राजनीतिक, आर्थिक र सामाजिक द्वन्द्व प्रबल बनेर देखापरेको छ ।

खनालको 'एउटा पुरानो कथा' कथामा न्यून वैतनिक कर्मचारी अम्मरेले दुई वर्षदेखि खोल्न नसकेको आफ्नो कथा खोलेर ठुला कर्मचारीले साना कर्मचारीमाथि गरेको शोषण र त्यस विरुद्धको स्वाभिमानको लडाइँ देखाएर राजनीतिक द्वन्द्व प्रस्तुत गरिएको छ । यसै गरी आर्थिक रूपमा कमजोर भएकैले उसमाथि अन्याय गरिएको र सामाजिक रूपमा पनि अम्मरेको कमजोर पृष्ठभूमि देखाइएको छ । यसैले यस कथामा क्रमशः राजनीतिक, आर्थिक र सामाजिक द्वन्द्व प्रबल बनेको छ ।

खनालको 'जुलुस' कथामा किसानहरूले भूमिकर हटाउन निवेदन दिएपछि उनीहरूलाई प्रहरी हिरासतमा लिएको र त्यसका विरुद्ध जुलुस निकाल्दा भएको प्रहरीदमन एवं प्रतिरोधको जुलुस अविच्छिन्न अगाडि बढेर भएको द्वन्द्व देखाइएकाले यो राजनीतिक रूपमा शासक शासितबिचको द्वन्द्व हो । यसमा निम्न वर्गका मानिसमाथि शोषण, दमन गरिएकाले वर्गीय द्वन्द्व प्रकट भएको देखाई आर्थिक द्वन्द्व पनि प्रस्तुत गरिएको छ । त्यसैले यस कथाको द्वन्द्वमा क्रमशः राजनीतिक र आर्थिक कारण प्रबल बनेर देखा परेको छ ।

खनालको 'साथी' कथामा श्याम र शिवको मित्रतासँगै उनीहरूको स्वभावलाई देखाएर व्यक्तिगत स्वार्थमा केन्द्रित हुनुभन्दा राजनीतिक रूपमा सचेत भई जनताको सेवामा समर्पित हुने भावना ठुलो भएको देखाउँदै साँघुरो चिन्तन र फराकिलो चिन्तनका कारण श्यामको मनमा सिर्जना भएको द्वन्द्व देखाउँदै मूलतः राजनीतिक चेतना र सामाजिक भावना प्रमुख बनेको छ । यसमा व्यक्तिगत आर्थिक लाभले अन्ततः व्यक्तित्वलाई सीमित गराउँछ भन्ने विचार प्रकट गरिएको छ । यस कथामा क्रमशः राजनीतिक, सामाजिक र आर्थिक कारणले सिर्जित भावनात्मक द्वन्द्वलाई यस कथाले समेटेको छ ।

खनालको 'चलन चल्ती' कथामा अड्डाका हाकिमहरू आउँदा उनीहरूको स्वागत गर्ने र पैसा असुल्ने प्रवृत्तिप्रति विद्रोह गरिएकाले द्वन्द्व सिर्जना भएको देखाएर शासक र शासितबिचको द्वन्द्व देखाइएर राजनीतिक कारण प्रबल भएको देखाइएको छ । अर्थसङ्कलनले मर्कामा परेका निम्न वर्गका मानिसले विद्रोह गरेका कारण सिर्जना भएको द्वन्द्व भएकाले यसमा वर्गीय द्वन्द्वको रूप पनि देखापरेको छ । नेताहरूको शोषक प्रवृत्ति र पार्टी परिवर्तन गरी शोषण गर्ने प्रवृत्तिलाई सामाजिक रूपमै सचेत बनी वितृष्णा व्यक्त गरिएकाले सामाजिक द्वन्द्व पनि प्रस्तुत गरिएको छ । यसैले यस कथामा क्रमशः राजनीतिक, आर्थिक र सामाजिक कारण प्रबल बनेर देखापरेको छ ।

खनालको 'पुतली' कथामा पुतली र विष्णुमाया वनमा दाउरा घाँस लिन जाने प्रसङ्गबाट सुरु भई शिक्षक, किसान, सुकुम्बासीलगायतका समस्या र त्यसबाट सिर्जिएका कथाव्यथा समेटिएको छ । यस कथामा शासक वर्गले कसरी निमुखा वर्गलाई शोषण गर्दछन्, नारी माथिका दुर्व्यवहार, शिक्षकको हड्ताल, भूमिसुधारमा भएको घाँधलीका कारण भएका द्वन्द्व देखाइएको छ । यस कथामा द्वन्द्वका कारणमा क्रमशः राजनीतिक, सामाजिक र आर्थिक कारण प्रबल बनेर देखापरेको छ ।

खनालको 'वस्तीभित्र' कथा संरक्षित वनक्षेत्रका निम्नवर्गीय किसान र नारीसमस्यामा केन्द्रित भएर द्वन्द्व सिर्जना भएको छ । वनपाले र जमिन्दारको मिलेमतोमा बस्तीमा आगो लगाउने जघन्य अपराधले सिर्जना गरेको द्वन्द्व शासक शासितबिचको सङ्घर्षले राजनीतिक कारणलाई प्रबल रूपमा उजागर गरेको छ । कथामा गरिब किसानमाथि दमन गरिएकोले वर्गीय द्वन्द्व सिर्जना भएका आर्थिक कारण देखापरेको छ । सत्रवर्षीय फुलमतीमाथि गरेको बलात्कार प्रयासले द्वन्द्व सिर्जना भएको छ । यसैले यस कथामा क्रमशः राजनीतिक, आर्थिक र सामाजिक द्वन्द्व प्रबल बनेर देखा परेको छ ।

यस कथासङ्ग्रहका कथाहरूमा मूलतः राजनीतिक कारणले द्वन्द्व प्रबल भएको देखिएको छ । वर्गीय द्वन्द्व दोस्रो प्रमुख कारण रहेकोले निम्न वर्गका जनता उच्च वर्गका मानिसको थिचोमिचो सहन बाध्य भएका छन् । आर्थिक दुर्बलता नै द्वन्द्वको कारण बनेको छ । 'पुतली', 'बकैनाको बोट वरिपरि' कथामा लैङ्गिक द्वन्द्व प्रकट भएको छ भने 'एउटा पुरानो कथा' 'आकाश छुने डाँडोमुनि' कथामा जातीय रूपले कमजोर पात्रमाथि गरिएको शोषणले द्वन्द्व सिर्जना गरेकाले सामाजिक द्वन्द्व प्रस्तुत भएको देखिन्छ ।

## निष्कर्ष

कथाकार हरिहर खनालको *आकाश छुने डाँडोमुनि* सङ्ग्रहका सबै कथामा निम्नवर्गका किसान र मजदुरहरूले भोग्नुपरेको शोषण, अन्याय र त्यसप्रतिको आन्तरिक एवम् बाह्य रूपमै विद्रोह प्रकट भएर द्वन्द्वको प्रचुर प्रयोग भएको देखिन्छ । कान्छा बाजे र काले घर्तीबिचको द्वन्द्वलाई विनोदले अझ प्रष्ट पार्दै वर्गीय विभेदबाट मुक्तिको आवाज 'आकाश छुने डाँडोमुनि' कथामा उजागर गरेको छ । 'बकैनाको बोट वरिपरि' कथामा निम्नवर्गका किसानलाई शासकीय प्रतिनिधि वनपालेले गरेको अत्याचार र त्यसका विरुद्धको कार्वाहीले वर्गीय द्वन्द्व र राजनीतिक (शासक/शासित) द्वन्द्वको प्रकटीकरण भएको छ । एउटा पुरानो कथाको अम्मरेले भोगेको वर्गीय शोषण, 'जुलुस' कथामा प्रस्तुत भएको छ । भूमिकरको विरोधमा उठेको जुलुसले अन्यायको आवाज थुन्न नसकेको अवस्थाको चित्रणले वर्गीय र शासकीय द्वन्द्वको चित्रण गरेको छ । 'साथी' कथाका शिव र श्यामबिचको जनपक्षीयता र काम चोर प्रवृत्तिबिच द्वन्द्व देखाई राजनीतिक परिवृत्तका विषम प्रवृत्तिहरूको चित्रण गरिएको छ । 'पुतली' कथाले नेताका कर्तुत, वनपालेको काठ तस्करी, कालोबजारी, भूमिसुधारको धाँधली आदिको विरोध र शिक्षकसङ्घर्षको समर्थनमा वर्गीय द्वन्द्व तथा राजनीतिक द्वन्द्वको चित्रण गरिएको छ । वनपालेले गरेको हातपात र त्यसविरुद्ध आवाज उठाएको देखाएर सामाजिक द्वन्द्वका रूपमा लैङ्गिक विभेदलाई उजागर गरिएको छ । यसै गरी 'बस्तीभित्र' कथामा सुकुम्बासी बस्तीलाई प्रहरी प्रशासनले हात्ती लगाएर सखाप पारेको विषय र फुलमतीमाथि वनपालेको दुर्व्यवहार देखाएर आर्थिक, सामाजिक एवम् राजनीतिक द्वन्द्वको चित्रण गरिएको छ । यसरी कथाकार खनालको *आकाश छुने डाँडोमुनि* सङ्ग्रभित्रका कथामा

आर्थिक, सामाजिक र राजनीतिक द्वन्द्वको कलात्मक ढङ्गले चित्रण गरिएको छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, तेजविलास (२०७०), 'समालोचकका आँखामा हरिहर खनाल', राजेन्द्र सुवेदी ( सम्पा.), जनसाहित्य प्रतिष्ठान ।

अधिकारी, लीलाप्रसाद, 'आकाश छुने डाँडोमुनि कथासङ्ग्रहका आधारमा खनालको कथाकारिता : एक चर्चा, *यथार्थ कुरा.* पाक्षिक, वर्ष १०, अङ्क २, पूर्णाङ्क ४४, हरिहर खनाल अभिनन्दन अङ्क २, चूडामणि रेग्मी, २०६१ भदौ, पृ. १५८-१६० ।

आफानास्येभ, भिक्टर (सन् १९८५), *दर्शनशास्त्रको प्रारम्भिक ज्ञान* (अनु.), प्रगति प्रकाशन ।

खनाल, हरिहर (२०७८), *हरिहर खनाल ग्रन्थावली,* जनसाहित्य प्रतिष्ठान ।

गौतम, लक्ष्मणप्रसाद (२०५२), *चितवनको साहित्य : सर्वेक्षण र विश्लेषण,* चितवन : चितवन वाङ्मय प्रतिष्ठान ।

चापागाइँ, निनु (२०५४), *मार्क्सवादी चिन्तनमा सौन्दर्य,* ललितपुर : मृदुल चापागाइँ ।

चैतन्य (२०३९), खनालज्यूका दुई कथासङ्ग्रहबारे, *दियो,* वर्ष ३, अङ्क ११ ।

ज्ञवाली, रामप्रसाद (२०६८), "नेपाली महाकाव्यमा वर्गीयता र वर्गद्वन्द्व", अप्रकाशित शोधप्रबन्ध, त्रिभुवन विश्वद्यिालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

तिमसिना, अनिरुद्र (२०६१), 'गतिशील साहित्यका अथक साधक हरिहर खनालको रचनाकारिता : एक पर्ववेक्षण', *यथार्थ कुरा.* पाक्षिक, वर्ष १०, अङ्क २, पूर्णाङ्क ४४, हरिहर खनाल अभिनन्दन अङ्क २, चूडामणि रेग्मी, भदौ, पृ.२३-३५ ।

पौडेल, गोपीन्द्र (२०५९), 'हरिहर खनालका कथामा यथार्थको प्रतिबिम्बन', *सौन्दर्यबोध र समीक्षा विविध,* उर्मिला पौडेल ।

मास्के राजेन्द्र, पौड्याल सूर्यप्रकाश (अनु.), ( २०६३), *साहित्य र कला,* विवेक सिर्जनशील प्रकाशन ।

शर्मा मोहनराज र लुइटेल खगेन्द्र (२०६३), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* (दोस्रो संस्क.), विद्यार्थी पुस्तक भण्डार ।